# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड :५ संख्या :१० असार ०८ गते मंगलबार २०७८**

## भाग-२

# गुल्मीदरबार गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०३/०७

प्रस्तावना

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैगिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनस्र्थापना गर्ने कार्यका लागी गाउँपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागी स्थानिय सरकार सञ्चालन ऐन को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुल्मीदरबार गाउँपालिकाले **लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८** जारी छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यबिधिको नाम गुल्मीदरबार गाउँपालिकाको **"लैंगिक हिंसा निवारण कोष सञ्चालन, कार्यविधि २०७७"** रहने छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क. ''गाउँपालिका'' भन्नाले गुल्मीदरबार गाउँपालिका सम्झनु पर्ने छ ।

ख. "कोष" भन्नाले दफा (३) बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

ग. "पीडित" भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित ब्याक्ति सम्झनु पर्ने छ ।

घ. "घरेलु हिंसा" भन्नाले कुनै ब्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै ब्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

ङ. "लैंगिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसै प्रति शारीरिक, मानसिक, वा यौनजन्य क्षति वा पीडा पुर्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपुर्ण ब्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

च. ''कोष संचालन समिति'' भन्नाले मापदण्डको दफा (९) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

**३. लैगिक हिसा निवारण कोषको स्थापना :**

१. लैङ्गिक हिंसा पीडित र प्रभावितहरुको तत्काल उद्धार गर्न राहत र पुन:स्थापना गर्ने काम समेतका लागि गुल्मीदरबार गाउँपालिकाले एक हिंसा निवारण कोषको स्थापना गर्नेछ ।

२. कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

क. सघिंय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

ख. गुल्मीदरबार गाउँपालिकाको गाउँसभाबाट विनियोजित रकम

ग. बिभिन्न संघ संस्था वा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम

घ. अन्य कुनै आन्तरिक तथा बाहिय स्रोतबाट प्राप्त रकम

ङ. दातृनिकाय संस्था तथा दाताले दिएको रकम

च. बैंक खातामा रहेको मौज्दात बाट प्राप्त ब्याज रकम

**४. कोष रकम जम्मा गर्ने**

गुल्मीदरबार गाउँपालिकाले प्रत्येक वार्षिक वजेटमा महिला हक हीतको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको गाउँपालिकाले तोकेको प्रतिशत बराबरको रकम ब्यावस्था गरि कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :**

१. कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ ।

क. पीडितलाई तत्काल उद्धार गर्न

ख. पीडितलाई औषधी उपचार गर्न

ग. पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल ब्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न

घ. राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलतब्ध गराउन

ङ. पीडितलाई कानूनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न

च. सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै ब्यावसाय गर्नको लागि अनुदान रकम प्रदान गर्न

छ. पीडित र प्रभावितका लागि पुनर्स्थापना गराउन

ज. अल्पकालीन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि कुनै व्यावसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न

झ. पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न

२.उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चानल समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्ब्यसनमा फसेको वा सडक मा आएका ब्याक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

**७. राहत तथा आर्थीक सहयोगको आधार र मापदण्ड:**

१. गुल्मीदरबार गाउँपालिकाले कोष परिचालन समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थीक सहयोग प्रदान गर्नुपर्दछ ।

२. कोष सञ्चालन समिति उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।

(क) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनरस्थापनाका वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको सयोजकले सो प्रयोजनको लागि कोषबाट रु १०,०००। (रु दश हजार मात्र ) नबढ्ने गरी मनासिब रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(ख) उपदफा (१) बमोजिमको अवस्था परी कोष सञ्चालन समितिको सयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएमा त्यसरी उपलब्ध गराइएपछि बस्ने कोष सञ्चालन समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनुपर्नेछ।

(ग) हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यावसाय सञ्चालन गर्नकोलागी बस्तु सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यता आधारमा प्रति व्याक्ति बढिमा बिस हजार रुपैया सम्म

(घ) पीडितलाई कानुनी सहायता मनौबैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैंयामा नबढ्ने गरी लागेको यथार्थ खर्च

(ङ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्चवापत प्रतिदिन तिनसय रुपैयाँ र बास बस्नु पर्ने भएमा सो वापत छुटै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाँको दरले लागेको यथार्थ खर्च रकम

(च) पीडितलाई अस्पतालमा भर्ना गरी औधषी उपचार गर्नु पर्ने भएकोमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्नेभए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रतिदिन तीनसय रुपैयाँ अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम

(छ) कोष सञ्चालन समिति तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति आवश्यकता र औचित्यताको आधारमा बढिमा दश हजार रुपैयाँ मात्र

**८. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

१. यस कार्यविधि वमोजिम राहत तथा आर्थीक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला ब्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने आधार देखिएमा कार्यविधकोको दफा (७) बमोजिम कोष सञ्चालन समितिले निर्णयगरी उपलब्ध गराउनु पर्नेछ ।

३. उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा दफा (९) बमोजिम कोष सञ्चालन समिति बाट पछि अनुमोदन गराउनेगरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

४. उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाचबुझ गर्दा पीडित तथा प्रभावितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाइ गराउनु पर्नेछ।

**९. कोष सञ्चालन समिति गठनः**

१. कोषको सञ्चालन तथा व्यावस्थापन गर्ने प्रयोजनको लागि एक कोष सञ्चालन समिती रहनेछ ।

२. समितीको गठन देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिका उपाध्यक्ष — **संयोजक**

(ख) प्रमुख प्रशासकीय अधिकृत — **सदस्य**

(ग) कार्यपालिकाका महिला सदस्य मध्ये संयोजकले मनोनित गरेको एकजना — **सदस्य**

(घ) प्रहरी चौकी कार्यालयको इन्चार्ज — **सदस्य**

(ङ) सामाजिक विकास शाखा प्रमुख — **सदस्य**

(च) लैगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु वा सो सम्वन्धमा कार्य गरेको ब्यक्ति मध्येबाट संयोजकले मनोनित गरेको एकजना — **सदस्य**

(छ) महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख **सदस्य सचिव**

३. उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

४. समितिको सचिवालय कार्यालयमा रहनेछ ।

५. समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. समितिको काम कर्तव्य र अधिकार:**

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. लैगिक हिंसा पिडित तथा प्रभावीतको उद्दार गर्ने पुन स्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने ।

ख. लैंगिक हिसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने

ग. स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने

घ. स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने

ङ. समिति बाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने

च. लैंगिक हिंसा निवारणको क्षेत्रमा कामगर्ने निकायसगँ समन्वय गर्ने

छ. समितिलाइ तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने

ज. कोषमा रकम बृद्धिको लागि खोजि गर्ने

झ. लैंगिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने

**११. समितिको बैठक र निर्णय**

क. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख. समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

ग. समितिको कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिने छ ।

घ. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

ङ. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

च. समितिले आवश्यकता अनुसार कुनै पदाधिकारी वा कर्मचारीलाइ समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ

छ. समितीको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राखिनेछ

**१२. समितिको प्रशासनिक खर्च रकम**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोष बाट प्राप्त व्याज रकमको ५ प्रतिशत भन्दा बढि हुने छैन ।

**१३. खाता सञ्चालन**

क. कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणीज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्दछ।

ख. उपदफा (क) बमोजिमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४. कोषको लेखा र लेखा परिक्षण**

कोषको लेखा र लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. आवर्ति (रिभल्भीङ) कोष**

यो कोष आवर्ति(रिभल्भीङ) कोषको रुपमा रहनेछ।

**१६. कोषको रकम फ्रिज नहुने**

कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्य सम्म बाकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१७. प्रतिवेदन पेश गर्ने**

१. समितीले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२. उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिवेदन गाउँकार्यपालिकाले सार्वजनिक गर्नेछ ।

**१८. बैठक भत्ता**

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

**१९. कोषको सचिवालय कोषको सचिवालय गाउँकार्यपालीकाको कार्यालयमा रहनेछ ।**

**२०. अभिलेख राख्ने समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।**

**२१. समन्वय गर्ने**

स्थानिय तत्काल उद्धार तथा राहत समितिले मन्त्रालय केन्द्रिय तथा प्रदेश तत्काल उद्धार तथा राहत समिति सँग आवस्यक समयमा समन्वयात्मक ढंगले काम गर्नेछ ।

**२२. निर्देशन दिन सक्ने**

**क.** गाउँ कार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाइ निर्देशन दिन सक्नेछ ।

**ख.** उपदफा क बमोजिम गाउँ कार्यपालीकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२३. अधिकार प्रत्यायोजन**

समितिले यस कार्यविधि बमोजिम आफूलाइ प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक सदस्य वा गाउँ कार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

**२४. कोष खारेज हुन सक्ने**

**क.** कुनै कारण बस कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा गाउँ कार्यपालीकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ

**ख.** उपदफा क बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको बैठकबाट हुनेछ ।

**२४. अनुगमन**

यस कार्यक्रमको अनुगमन सम्वन्धीत बिभाग, प्रदेश बिभाग, जिल्ला प्रशासन कार्यालय, गाउँपालिका अध्यक्ष बाट हुनेछ ।

# अनुसुची

## (दफा ८ को उपदफा १ सँग सम्बन्धित)

श्री अध्यक्षज्यू,
गुल्मीदरबार गाउँपालिका लैगिक हिसा निवारण कोष सञ्चालन समिति
गौडाकोट गुल्मी ।

**मितिः-**

**बिषय- सहयोग उपलब्ध गराई पाउँ ।**

म......................................मा बस्ने बर्ष.........को ............मिति..........................मा लैंगिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा (....................) भएको कारणले मेरो मानसिक/शारिरीक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानुनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ...........कामको लागि सहयोगको आवस्यकता परेको हुदाँ गाउँपालिकाको लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

**निवेदकको नाम थर :**

**ठेगाना :**

**दस्तखतः**

आज्ञाले
लक्ष्मण पाण्डे
प्रमुख प्रशासकिय अधिकृत